भुम्लु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सल्ले भुम्लु, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

पत्र सं.: २०८२/०८३

चलानी नं.

मितिः २०८२।०४।०६

मृगौला प्रत्यारोपण गरेका/डायलाईसिस गरिरहेका/क्यान्सर रोग/मेरुदण्ड पक्षघात भएका लाभग्राहीको नवीकरण सम्बन्धी सूचना !

प्रस्तुत विषयमा यस भुम्लु गाउँपालिका भित्रका मृगौला प्रत्यारोपण गरेका/डायलाईसिस गरिरहेका/क्यान्सर रोग/मेरुदण्ड पक्षघात भएका बिरामीको औषधी उपचार खर्च प्राप्त गरिरहनु भएका सम्पूर्ण लाभग्राहिहरुले आ.व.२०८२।०८३ मा नियमित औषधी उपचार खर्च प्राप्त गर्नको लागि २०८२ भदौ मसान्तसम्म लाभग्राही आफै आफ्नो वडा कार्यालय तथा स्वास्थ्य शाखामा उपस्थित भई निवेदन दिई अनिवार्य रुपमा नवीकरण गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।तोकिएको समयमा नवीकरण नगराएमा औषधी उपचार खर्च प्राप्त हुने छैन। कुनै पनि लाभग्राहीको औषधी उपचार खर्च छुट्न गएमा र निजले पुन प्राप्तीका लागि निवेदन दिएमा निवेदन पश्चात नयाँ लाभग्राही सरह औषधी उपचार खर्च प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ।

**आवश्यक कागजपत्रहरु:**

- वडा कार्यालयको सिफारिस पत्र,
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- अपाङ्गता भएका व्यक्तिको हकमा पालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि,
- आवश्यकता अनुसार बसाई सराई दर्ता प्रमाणपत्र तथा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- अनुसूची १ बमोजिमको ढाँचामा चिकित्सकको सिफारिस,
- अनुसूची २ दफा ३ बमोजिमको ढाँचामा निवेदन अनिवार्य,
- बैंक खाता रहेको चेकको फोटोकपी अनिवार्य

नोटः अशक्त भएका लाभग्राहीको हकमा निजको नजिकको हकदार मार्फत नवीकरण गर्ने व्यवस्था मिलाउन सकिनेछ।

कृष्ण बहादुर खत्री

प्रमुख प्रशासकिय अधिकृत



E-mail: info@bhumlumun.gov.np, swasthyasakhabhumlurm@gmail.com
Website: www.bhumlumun.gov.np